# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

### निजामती सेवाका राजपत्रांकित तृतीय श्रेणी तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ६५०/०८२-८३** **प्रकाशन मितिः २०८२/८/२४**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) का देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम र राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधन सहित) को नियम ३१ र ३२ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/९/२९ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट **www.psc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा तथा राष्ट्रिय मानव अधिकार सेवाको लागि राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा दरखास्त बुझाउनुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन। निजामतीतर्फ यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनुपर्नेछ र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। साथै राष्ट्रिय मानव अधिकार सेवाको लागि पर्न आएका दरखास्तहरु राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयले व्यवस्थापन गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।
(ग) निजामती सेवा नियमावली, २०५० को नियम ७६ वा नियम ८८ बमोजिम योग्यता पुरा भएको हुनुपर्नेछ।
(घ) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
(च) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(ज) दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरणका साथै बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरुको रुजु सूची (Check list) समेत छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।
(झ) दरखास्त दस्तुर रु.१,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

**(क) निजामती सेवातर्फ**

| क्र.सं. | बढुवा सूचना नम्बर | पद, सेवा र समूह | पद संख्या |
|---|---|---|---|
| १. | १५६/०८२-८३ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय | १४ (चौध) |
| २. | १५७/०८२-८३ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून | ७ (सात) |
| ३. | १५८/०८२-८३ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल | ६ (छ) |
| ४. | १५९/०८२-८३ | शाखा अधिकृत वा सो सरह, परराष्ट्र | ५ (पाँच) |
| ५. | १६०/०८२-८३ | शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन | ५५ (पचपन्न) |
| ६. | १६१/०८२-८३ | शाखा अधिकृत वा सो सरह, प्रशासन, राजस्व | १६ (सोह्र) |
| ७. | १६२/०८२-८३ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण | ४ (चार) |

**(ख) राष्ट्रिय मानव अधिकार सेवातर्फः अधिकृत तृतीय**

| क्र.सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १६३/०८२-८३ | मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार, अधिकृत तृतीय | २ (दुई) |

### निजामती सेवा र संघीय संसद सेवाका राजपत्रांकित तृतीय श्रेणी तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदहरुको आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ६५१/०८२-८३** **प्रकाशन मितिः २०८२/८/२४**

निजामती र संघीय संसद सेवा तथा राष्ट्रिय मानव अधिकार सेवाका निम्न सेवा, समूह तथा श्रेणीका खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली **psconline1.psc.gov.np** मार्फत् आवेदन दिनुपर्नेछ।

(क) न्याय सेवातर्फः

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/समावेशी समूह | क्र.सं. | सेवा | समूह | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६६९३/०८२-८३ | खुला | क. | न्याय | न्याय | - | १७ (सत्र) | १७ (सत्र) |
| | | | ख. | न्याय | कानून | - | ८ (आठ) | ८ (आठ) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ८ (आठ) | ८ (आठ) |
| | | | जम्मा | | | | | ३३ (तेत्तीस) |
| २. | १६६९४/०८२-८३ | महिला | क. | न्याय | न्याय | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ख. | न्याय | कानून | - | २ (दुई) | २ (दुई) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | २ (दुई) | २ (दुई) |
| | | | जम्मा | | | | | ९ (नौ) |
| ३. | १६६९५/०८२-८३ | आ.ज. | क. | न्याय | न्याय | - | ४ (चार) | ४ (चार) |
| | | | ख. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | २ (दुई) | २ (दुई) |
| | | | जम्मा | | | | | ७ (सात) |
| ४. | १६६९६/०८२-८३ | मधेशी | क. | न्याय | न्याय | - | ३ (तीन) | ३ (तीन) |
| | | | ख. | न्याय | कानून | - | २ (दुई) | २ (दुई) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | १ (एक) | १ (एक) |
| | | | जम्मा | | | | | ६ (छ) |
| ५. | १६६९७/०८२-८३ | दलित | क. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | - | १ (एक) | १ (एक) |
| | | | जम्मा | | | | | २ (दुई) |
| ६. | १६६९८/०८२-८३ | अपाङ्ग | क. | न्याय | न्याय | - | १ (एक) | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | - | १ (एक) | १ (एक) |
| | | | जम्मा | | | | | २ (दुई) |
| ७. | १६६९९/०८२-८३ | पि.क्षे. | क. | न्याय | न्याय | - | १ (एक) | १ (एक) |

(ख) निजामती सेवातर्फ परराष्ट्र, प्रशासन, लेखापरीक्षण सेवा र संघीय संसद सेवातर्फः (संयुक्त र एकीकृत)

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/समावेशी समूह | क्र.सं. | सेवा | समूह | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६७००/०८२-८३ | आ.प्र. | क. | संघीय संसद | सामान्य प्रशासन | - | १ (एक) | १ (एक) |
| २. | १६७०१/०८२-८३ | खुला | क. | परराष्ट्र | - | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | ७० (सत्तरी) | ७० (सत्तरी) |
| | | | ग. | प्रशासन | राजश्व | - | २० (बीस) | २० (बीस) |
| | | | घ. | लेखापरीक्षण | - | - | ६ (छ) | ६ (छ) |
| | | | ङ. | संघीय संसद | सामान्य प्रशासन | - | ३ (तीन) | ३ (तीन) |
| | | | जम्मा | | | | | १०४ (एक सय चार) |
| ३. | १६७०२/०८२-८३ | महिला | क. | परराष्ट्र | - | - | १ (एक) | १ (एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | १९ (उन्नाइस) | १९ (उन्नाइस) |
| | | | ग. | प्रशासन | राजश्व | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | घ. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | जम्मा | | | | | २६ (छब्बीस) |
| ४. | १६७०३/०८२-८३ | आ.ज. | क. | परराष्ट्र | - | - | १ (एक) | १ (एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | १६ (सोह्र) | १६ (सोह्र) |
| | | | ग. | प्रशासन | राजश्व | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | घ. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | ङ. | संघीय संसद | सामान्य प्रशासन | - | १ (एक) | १ (एक) |
| | | | जम्मा | | | | | २४ (चौबिस) |
| ५. | १६७०४/०८२-८३ | मधेशी | क. | परराष्ट्र | - | - | १ (एक) | १ (एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | १२ (बाह्र) | १२ (बाह्र) |
| | | | ग. | प्रशासन | राजश्व | - | ४ (चार) | ४ (चार) |
| | | | घ. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | जम्मा | | | | | १८ (अठार) |
| ६. | १६७०५/०८२-८३ | दलित | क. | प्रशासन | सामान्य प्रशासन | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ख. | प्रशासन | राजश्व | - | २ (दुई) | २ (दुई) |
| | | | जम्मा | | | | | ७ (सात) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | १६७०६/०८२-८३ | अपाङ्ग | क. | प्रशासन | सामान्य प्रशासन | - | ३ (तीन) | ३ (तीन) |
| | | | ख. | प्रशासन | राजस्व | - | १ (एक) | १ (एक) |
| | | | ग. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | | | जम्मा | | | **५ (पाँच)** |
| ८. | १६७०७/०८२-८३ | पि.क्षे. | क. | परराष्ट्र | | - | १ (एक) | १ (एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | ३ (तीन) | ३ (तीन) |
| | | | ग. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | | | जम्मा | | | **५ (पाँच)** |

**(ग) राष्ट्रिय मानव अधिकार सेवातर्फः अधिकृत तृतीय**

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/समावेशी समूह | क्र.सं. | पद | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६७०८/०८२-८३ | खुला | क. | मानव अधिकार अधिकृत | - | **३ (तीन)** | **३ (तीन)** |
| २. | १६७०९/०८२-८३ | महिला | क. | मानव अधिकार अधिकृत | - | १ (एक) | १ (एक) |
| | | | ख. | लेखा अधिकृत | - | १ (एक) | १ (एक) |
| | | | | जम्मा | | | **२ (दुई)** |
| ३. | १६७१०/०८२-८३ | आ.ज. | क. | मानव अधिकार अधिकृत | - | १ (एक) | १ (एक) |

**परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवातर्फः संयुक्त र एकीकृत लिखित परीक्षा कार्यक्रम**

| चरण/पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| **प्रथम चरण/प्रथम पत्र** | **प्रशासनिक अभिरुची परीक्षण** | **२०८२/१०/२४** | **दिनको ११:०० बजे** |

**विज्ञापनसम्बन्धी विशेष सूचनाः-**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने संघीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण भएबमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम विज्ञापन सूचना प्रकाशन गरिएको छ।

**परीक्षाको किसिमः-** पाठ्यक्रममा तोकिए बमोजिम लिखित, सूचना प्रविधि सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-** **निजामतीतर्फ द्वितीय चरणको लिखित परीक्षा कार्यक्रम र राष्ट्रिय मानव अधिकार सेवातर्फको लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।**

**परीक्षा केन्द्रः-**
- ☞ प्रथम चरण : आयोग अन्तर्गतका परीक्षा सञ्चालन गर्ने सबै कार्यालयहरु रहेका स्थानमा।
- ☞ द्वितीय चरण : आयोगका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरुबाट तोकिएबमोजिम।
- ☞ राष्ट्रिय मानव अधिकार सेवाका पदहरुको परीक्षा केन्द्र लोक सेवा आयोग, केन्द्रीय कार्यालयले तोकेबमोजिम हुनेछ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.१,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ। एकै सेवा/समूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु.४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ साथै परराष्ट्र सेवा र लेखापरीक्षण सेवातर्फ समेत दरखास्त पेश गर्ने उम्मेदवारले सम्बन्धित सेवामा चिन्ह (✓) लगाई सेवा अनुसार थप रु.४०० (चार सय) दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/९/१५ गते र दोब्बर दस्तुर तिरी २०८२/९/२२ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-**
- ☞ निजामती सेवा र मानव अधिकार सेवातर्फका पदहरुको हकमा २०८२/९/१५ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।
- ☛ **वहालवाला कर्मचारीको उमेर हदको सम्बन्धमा देहाय बमोजिम हुनेछः-**
  - ❖ निजामती सेवाको हकमा निजामती सेवा ऐन, २०४९ को दफा १० (ग) को ३ बमोजिम।
  - ❖ संघीय संसद सेवाको हकमा संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २० को (घ) (३) बमोजिम।
  - ❖ राष्ट्रिय मानव अधिकार सेवाका हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम १४ (ग) (१) बमोजिम।
- ☞ सम्मानित सर्वोच्च अदालतको मिति २०७९/१०/२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि लोक सेवा आयोगले मिति २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीलाईसमेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन। यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा मिति २०८२/९/२३ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी निकायः-** सेवा, समूहको प्रशासन सञ्चालन गर्ने तोकिएका सम्बन्धित आयोग/मन्त्रालय/निकाय।

## आवश्यक न्यूनतम शैक्षिक योग्यता

### (क) निजामती तथा संघीय संसद सेवातर्फः

### संघीय संसद सेवाको आ.प्र.तर्फः

संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम अयोग्य नहुनुका साथै सेवा, समूहमा बढुवा हुने पद भन्दा एक श्रेणी मूनिको पदमा कार्यरत रही पाँच वर्ष न्यूनतम सेवा अवधि पुरा गरेको र एक श्रेणी मूनिका पदका लागि तोकिएको शैक्षिक उपाधि हासिल गरेको। समावेशीतर्फका कर्मचारीहरु एक वर्ष सेवा अवधि कम भए पनि संभाव्य उम्मेदवार हुन पाउनेछन।

### खुला तथा समावेशीतर्फः

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

१. **न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण गरेको।

२. **परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह तथा संघीय संसद सेवा (सामान्य प्रशासन समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

३. **नेपाल प्रशासन सेवा, राजस्व समूहको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासनमा स्नातक तह उत्तीर्ण गरेको।

४. **लेखापरीक्षण सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषयमा स्नातक उपाधि प्राप्त गरेको।

### (ख) राष्ट्रिय मानव अधिकार सेवातर्फः

राष्ट्रिय मानव अधिकार सेवाको कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधनसहित) को नियम १४ बमोजिम अयोग्य नभएको हुनुका साथै नियम १२ बमोजिम देहाय अनुसारको योग्यता भएको हुनुपर्नेछ।

१. **मानव अधिकार अधिकृत (अप्राविधिक) पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. **लेखा अधिकृत (अप्राविधिक) पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासनमध्ये कुनै मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन**

खुला तथा समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

**शैक्षिक योग्यताको मूल प्रमाणपत्र नभएको अवस्थामा दरखास्त फाराम पेश गर्न पाउने विशेष व्यवस्था**

आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विद्यालय/क्याम्पस विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज उम्मेदवार उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्रसाथ उत्तीर्ण गरिसकेको (सबै वर्ष सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरु पेश गरेमा दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यसरी दरखास्त फाराम पेश गर्ने उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरु जारी हुनासाथ अपलोड गनुपर्नेछ।

**एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा दरखास्त फाराम पेश गर्दा उम्मेदवारले ध्यान दिनु पर्ने कुरा**

एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा अनलाईनमार्फत दरखास्त फाराम पेश गर्दा उम्मेदवारले दरखास्त पेश गर्न चाहेका सबै सेवा/समूह र समावेशी समूहका लागि एकसाथ दरखास्त पेश गर्नुपर्नेछ।

**समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु**

(क) **आदिवासी/जनजातिका हकमा**:- नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) **मधेशीका हकमा**:- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

(ग) **दलितका हकमा**:- राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) **अपाङ्गका हकमा**:- समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) **पिछडिएको क्षेत्रका हकमा**:- निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

(च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईँसराइ गरेको खुल्ने कागजात।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**www.psc.gov.np**